जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १७६ २०८० साल फागुन १ गते मंगलबार (13 Feb. 2024 Tuesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्वदेशमै अन्तर्राष्ट्रियस्तरको ३ पृष्ठमा : माओवादी केन्द्रले सहरी क्षेत्र र तराई- ... ३ पृष्ठमाजामा इजरायली आक्रमणमा ...

## नदी खोलाबाट मापदण्ड विपरीत बालुवा, गिटीको उत्खनन्





**दैनिक समाचारदाता राजविराज, २९ माघ ।**
सप्तरीको चुरे क्षेत्रसँग जोडिएको विभिन्न नदी खोलाबाट मापदण्ड विपरीत बालुवा, गिटीको उत्खनन् भइरहेको स्थानीयले गुनासो गरेका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिका स्थित चहका, सिसुवारी र बलान लगायतका खोलाबाट अवैध रुपमा बालुवा, गिटीको उत्खनन् भइरहेको स्थानीयले गुनासो गरेका हुन् ।

स्थानीयवासीका अनुसार अत्याधिक दोहनले खोलाका मुहान सुक्दै गएको छ भने वातावरणमा समेत नकारात्मक प्रभाव परिरहेको छ ।

सुरुङ्गा नगरपालिका भित्र पर्ने नदीहरूबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न चालु आव २०८०/८१ का लागि संघर्ष निर्माण सेवा उदयपुरले १ करोड २५ लाख ९९ हजार ९ सय ९९ मा ठेक्का पाएको छ । नगरपालिका सँग ठेक्का लिँदा गरिएको सम्झौतामा बलान खोलाबाट प्रतिदिन १ हजार ६ सय, चहका खोलाबाट ५ हजार २ सय ६० तथा शिशुवारी खोलाबाट २ हजार ७ सय घनफिट मात्र नदी जन्य पदार्थको उत्खनन गर्न पाइने उल्लेख छ । तर ठेकेदारले ट्र्याक्टर र ट्रकमार्फत तोकेको भन्दा दोब्बर घनफिट बालुवा गिटी झिकेर लैजाने गरेको स्थानीयको भनाइ छ ।

यस्तै सम्झौतामा सूर्य उदयदेखि सूर्य अस्तसम्म मात्र बालुवा गिटी झिक्न पाइने र घाटगदी गरेपश्चात मात्र लिएर जानुपर्ने उल्लेख भएपनि सो प्रक्रिया पूरा नगरी रातिको समयमा समेत उत्खनन र ढुवानी हुने गरेको स्थानीयवासी शंकर चौधरीले बताए ।

आफूहरू यसबारे ठेकेदार, नगरपालिका र स्थानीय प्रशासनको ध्यानाकर्षण गराए पनि कुनै सुनवाई नभएको उनले सुनाए । यसरी नै खोला दोहन भइरहने हो भने वर्षायाममा बस्ती डुवान तथा अन्य बेला पानीको हाहाकारको जोखिम बढ्दै जाने र खेतीपातीमा समेत समस्या हुन थालेको उनको भनाइ छ ।

केही वर्षअघिसम्म ढुङ्गा र बालुवाले भरिभराउ शिशुवारी, चहका र बलान खोलाको बगर अहिले रित्याइएको देखिन्छ । एकातिर मापदण्ड विपरीत उत्खनन अर्कोतिर खोला छेउमै बालुवा प्रशोधन केन्द्रको नाममा क्रसर उद्योग नै सञ्चालनमा ल्याएर ठेकेदार र व्यवसायीले चुरेको कमजोर धरातल उधिनेर कमजोर बनाउँदा पनि सम्बन्धित निकायको ध्यान जान नसक्नु दुखद भएको पत्रकार महासंघ सप्तरीका सभापति श्रवण कुमार देवको भनाइ छ ।

यस विषयमा सुरुङ्गा नगरपालिकाका उपप्रमुख रुद्रबहादुर कार्कीसँग जिज्ञासा राख्दा उनले मापदण्ड विपरीत उत्खनन भइरहेको बारे अनभिज्ञता प्रकट गर्दै गुनासो आइसकेपछि नियन्त्रणमा अब

*बाँकी अन्तिम पृष्ठमा*

## बढी सेवा शुल्क लिने एजेन्सीलाई विज्ञापन बोर्डको कारवाही

**दैनिक समाचारदाता राजविराज, २९ माघ ।**
सम्झौतामा उल्लेखित रकमभन्दा बढी सेवा शुल्क लिने गरि विज्ञापन प्रसारणको आदेश दिएको भन्दै एक एजेन्सीलाई विज्ञापन बोर्डले कारवाही गरेको छ ।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत एवं प्रवक्ता निशानराज गौतमले सोमबार एक विज्ञप्ति जारि गरि काठमाडौंस्थित अनामनगरका कोकिल मिडिया एजेन्सीलाई कारवाही गरिएको जनाएको छन् ।

विज्ञप्तिमा दश हजार रुपैया जरिबाना र २०८१ साल असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोवार रोक्का गर्ने निर्णय समेत गरेको उल्लेख छ ।

नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी विज्ञापन प्रसारण गर्न राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चायर केन्द्र, टेकु, काठमाडौंसंग उक्त एजेन्सीले मिति २०८०/०६/१२ मा गरेको सम्झौतामा उल्लेखित रकम भन्दा अत्यधिक सेवा शुल्क लिने गरि विज्ञापन प्रसारणको आदेश दिएको पाइएकोले उक्त जरिबाना गरिएको जारि विज्ञप्तिमा जनाइएको छ ।

उक्त एजेन्सीले केन्द्रसँग विज्ञापन प्रसारण वापत प्रति स्पट रु.१०६।६१ मा सम्झौता गरी एफएम रेडियोमा प्रति स्पट रु.११।११ मा प्रसारण आदेश दिई प्रति स्पट रु.९८।५० अर्थात ९८६.५८ प्रतिशत सेवा शुल्क लिने तयारी गरेको पाइएपछि बोर्डले कारवाहीको निर्णय गरेको हो ।

यस्तै विज्ञप्तिमा उक्त एजेन्सीले ५२ वटा एफएम रेडियोबाट विज्ञापन प्रसारण

*बाँकी अन्तिम पृष्ठमा*

## फागुन १ गते सार्वजनिक बिदा छैन : गृह मन्त्रालय

काठमाडौं, २९ माघ (रासस) ।
गृह मन्त्रालयले आगामी फागुन १ गते निर्धारण गरिएको सार्वजनिक बिदा कायम नरहेको स्पष्ट पारेको छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले सोमबार एक सूचना जारी गर्दै सर्वोच्च अदालतको फैसलाका आधारमा मन्त्रिपरिषद्को निर्णयानुसार यसअघि राजपत्रमा प्रकाशित बिदा कायम नरहेको जानकारी दिनुभयो ।

सरकारले जनयुद्ध दिवसका अवसरमा फागुन १ गते सार्वजनिक बिदा दिने घोषणा गरेको थियो । सर्वोच्च अदालतले उक्त दिन सार्वजनिक बिदा नदिन सरकारलाई आदेश दिएको थियो । यही माघ २५ गते बसेको मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतको आदेशअनुसार फागुन १ गते बिदा कायम नगर्ने निर्णय गरेको थियो ।

## कारागार भित्रै कैदीको मृत्यु बारे आफन्तद्वारा छानबिनको माग गर्दै प्रदर्शन



**दैनिक समाचारदाता राजविराज, २९ माघ ।**
राजविराज कारागारको शौचालय भित्र झुण्डिएर मृत्यु भएका हनुमाननगर कंकालीनी नगरपालिका ६ का देवेन्द्र मण्डलका आफन्तले उक्त घटना शंकास्पद र रहस्यमय रहेको भन्दै छानबिनको माग गर्दै सोमबार आफन्तले राजविराजमा प्रदर्शन गरेका छन् ।

आइतबार १९ वर्षीय मण्डलको मृत शरीर कारागारको क ब्लकमा रहेको शौचालय भित्र फेला परेको थियो । घाँटीमा गम्छाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर तत्कालै आवश्यक प्रक्रिया पश्चात पोस्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले घटनास्थलको प्रकृति तथा प्रारम्भिक अनुसन्धानले आत्महत्या नै गरेको देखिएको बताए । यद्यपि पोस्टमार्टम रिपोर्ट आएपछि सो बारे थप विवरण सार्वजनिक गरिने उनको भनाइ छ ।

कारागारका निमित्त जेलर सदानन्द दासले कुनै केटी साथीको विषयलाई लिएर मण्डल केही दिन यता तनावमा रहँदै आएको आफूले कैदी बन्दीहरूबाट सुनेको बताउँदै केटी साथी को हुन् भन्ने बारे आफूलाई कुनै जानकारी नरहेको उनको भनाइ छ ।

"शौचालय गएका मण्डल निकै बेरसम्म बाहिर ननिस्केपछि ढोका खोल्ने प्रयास भयो, तर भित्रैबाट चुकुल लागेको बुझिएपछि शंका लागेर प्रहरी र

*बाँकी अन्तिम पृष्ठमा*

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बालमजदुरको व्यवस्थापनतर्फ ध्यान पुगोस्

सरकारले बालबालिकालाई उचित शिक्षा दिक्षा दिनका लागि विभिन्न कार्यक्रममार्फत अग्रसरता देखाउने गरेको छ । प्रत्येक शैक्षिक सत्रमा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन अभियान नै चलाउने गरेको छ । यसबाहेक अन्य जनचेतनामुलक कार्यक्रमहरु समेत संचालन गरेपनि त्यसको खासै असर परेको देखिन्न् । घरको आर्थिक अवस्था कमजोर रहेका कतिपय बालबालिकाहरु बाध्य भई घरेलु कामदारको रुपमा काम गर्नु परेको छ । घरेलु कामदार बाहेक होटल तथा ईटा भट्टाहरुमा समेत बालश्रम गर्न बाध्य छन् ।

भविष्यका कर्णाधार मानिने ती बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगका होटल तथा लँजहरुमा समेत बालश्रम गर्न बाध्य छन् । अहिले सबैभन्दा बढी होटल तथा ईटा भट्टामा काम गर्ने बाल मजदुरको संख्या अधिक छ । उनीहरु मध्ये घरायसी समस्याका कारण बढी बालश्रम गर्न बाध्य भएको तथ्याङ्कले देखाउछ । कसैको आमाबुबा नरहेको, घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा गरिरहेका छन ।

बालमजदुरको शिक्षाका लागि समन्वयकारी भूमिकाको अभाव रहेको छ । तसर्थ बालमजदुर न्युनिकरण तथा व्यवस्थापनका लागि सरकारी ठोस नीति आवश्यकता रहेकोले तीनै तहका सरकारले हातेमालो गरेर गम्भिर हुनुपर्ने आवश्यकता रहेको छ ।

# स्वदेशमै अन्तर्राष्ट्रियस्तरको दन्त सेवा

**शरद् शर्मा**
काठमाडौं, २९ माघ (रासस) ।

मानिसलाई सुन्दर बनाउने मुख्य काम दाँतले पनि गर्दछ । बाहिरी अङ्ग भएकाले पनि पहिलो नजर मासिनको दाँतमा नै पर्ने गर्दछ । दाँत सफा, चट्ट मिलेको र हाँस्दा राम्रो देखियो भने मानिसको सुन्दरता झल्किन्छ ।

त्यही दाँत बाङ्गोटिङ्गो, मुख बाहिर निस्केको भयो भने मानिसको सुन्दरतामा पनि कमी आउँछ । हो, त्यही दाँत बनाउने र उपचारका लागि अहिले मानिसहरुले धेरै नै खर्च गर्ने गरेका छन् । अधिकांश व्यक्तिमा दाँतसम्बन्धी कुनै न कुनै समस्या हुने गरेको पाइएको छ । दाँतको हेरचाह राम्रोसँग नगर्दा समस्या हुने गरेको चिकित्सकले बताएका छन् । गुलियो, टाँसिने खानेकुरा जस्तै चाउचाउ, चकलेट, चिजबलजस्ता खानेकुरा खाँदा धेरै जसोको दाँतमा किरा लाग्ने गरेको छ । बच्चा पनि धेरै गुलियो खानेकुरा खाँदा र दाँत नमाँझ्ने किराले खाने गरेको छ ।

वीर अस्पतालका दन्त रोग विभागका प्रमुख प्रा डा शैली प्रधानले अस्पतालमा दैनिक सयभन्दा बढी मानिसहरु दाँतको उपचारमा आउने गरेको बताउनुहुन्छ । उहाँका अनुसार तीमध्ये ७५ प्रतिशत दाँतका किरा लागेका बिरामी हुने गर्दछन् । "पहिले दाँतमा किरा लागेपछि फाल्ने गर्दथे भने अहिले धेरै जसो दाँत बचाउनका लागि आउने गरेका छन्" उहाँले भन्नुभयो, "दैनिक दाँतका बिरामी बढिरहेकाले थेग्न सक्ने अवस्था छैन ।"

अस्पतामला दन्त विभागअन्तर्गत दाँत भर्ने, सफा गर्ने, गिजा रोग, दाँत फाल्ने र शल्यक्रिया गरि पाँच शाखा रहेका छन् । ती शाखामा दैनिक सय जना नयाँ दाँतका बिरामी आउने गर्दछन् । तीमध्ये दैनिक ५० जना बिरामीको दाँत भर्ने गरेको विभागका प्रमुख डा. प्रधानले बताउनुभयो । उहाँले दाँतमा किरा लाग्नुबाहेक मानिसहरु दाँत राम्रो देखाउनका लागि पनि अस्पतालमा आउने गरेको बताउनुभयो ।

उहाँका अनुसार बाङ्गोटिङ्गो दाँत मिलाउनका लागि मानिसहरु धेरै आउने गर्दछन । बच्चा तथा युवाको विग्रेको बाङ्गो दाँतलाई स्टिलको तारले बाँधेर दुई वर्षभित्र मिलाउन सकिने उहाँको भनाइ रहेको छ । दाँतको उपचार छ/छ महिना गर्नुपर्ने सुझाव चिकित्सकले दिनुहुन्छ ।

**किराले खान थालेको कसरी थाहा पाउने ?**

हाम्रो मुखमा सात सय प्रकारका सुक्ष्म जीवाणु रहेका हुन्छन् । खानेकुरा खाएर दाँत सफा गरेन, मुख स्वस्थ्य राखेन भने जीवााणुले खानासँग रियाक्सन प्रतिक्रियां गरेर एसिड निकाल्ने गर्दछ । त्यही एसिडले दाँत विस्तारै खाने गर्दछ । एसिडले विस्तारै दाँतको बाहिरको सेतो भाग ( इनामेल) खाने गर्दछ । विस्तारै जीवाणुले इनामेलको भित्र रहेको डेन्टिङ (कम कडा भएको) पल्प ( दाँतको नशा) सम्म पुग्यो भने दाँत दुख्ने गर्दछ ।

दाँत सुरुमा किराले खाएको थाहा पाउनका लागि गुलियो पदार्थ खादा दाँत सिरिङसरिङ गर्ने गर्दछ । अनि किराले अलि भित्र खाएको छ भने चिसो पानी खाँदा दाँत सिरिङ हुन्छ । अलि बढी नै दाँत किराले खान थाल्यो भने तातोपानी खाँदा दाँत सिरिङ हुने गर्दछ । तातो खादा दाँत सिरिङ गर्न थाल्यो भने दाँत धेरै नै दुख्न थालेको हुने विभागका प्रमुख डा. प्रधानले बताउनुहुन्छ । त्यसपछि दाँतको जरादेखि नै उपचार आरसिटी (रुट क्यानल ट्रिटमेन्ट) गर्नुपर्दछ ।

मुखमा रहेका सुक्ष्म जीवाणु गिजाको वरिपरी लेउ बनाएर बस्ने गर्दछ । त्यसलाई सफा गर्न बिहान बेलुका नै राम्रोसँग दाँत माझ्ने गर्नुपर्दछ । खाना खाइसकेपछि विहान र बेलुका दुई मिनेटसम्म नरम ब्रसले कम्तिमा दुई मिनेटसम्म दाँत माझ्नुपर्दछ र हरेक पटक केही कुरा खाएपछि मुख कुल्ला गर्नुपर्ने सुझाव डा. प्रधानको रहेको छ । दाँत माझेन भने सुक्ष्म जीवाणु दाँतको वरिपरि जम्मा हुने गर्दछ । त्यही सुक्ष्म जीवाणुले गर्दा पछि दाँतमा किरा लाग्ने गर्दछ ।

वरिष्ठ दन्त चिकित्सक प्रा डा प्रधानले मानिसलाई पटक-पटक खानेकुरा नखाने पनि सुझाव दिनुहुन्छ । "पटकपटक खायो भने खाना मुखमा रहिरहन्छ । यसले गर्दा मुखमा अम्लीय भइरहन्छ र दाँत किराले खाने गर्दछ," उहाँले भन्नुभयो, "छिनछिनमा खानेकुरा खाने मानिसमा दाँतको समस्या बढी हुने गर्दछ ।" उहाँका अनुसार चाउचाउ, चकलेट, चिजबलजस्ता गुलियो खानेकुरा दाँतको वरिपरी टाँसिएर बस्ने र तत्काल मुख सफा नगर्ने भएपछि जीब्रोमा सुक्ष्म जीवाणु हुने र त्यही जीवाणु दाँतमा बस्ने भएपछि दाँत किराले खाने गर्दछ ।

**दाँत बचाउने उपाय के हुन सक्छ ?**

उहाँले दाँतको उपचार अन्यभन्दा खर्चिलो र समय धेरै लाग्ने समेत बताउनुहुन्छ । नेपाल र भारतमा दाँतको सामान बाहिरबाट आउने भएकोले महङ्गो पर्ने भएकाले सर्वसाधारणले दाँतको उपचार गर्नका लागि समस्या हुने उहाँको भनाइ रहेको छ ।

उहाँले एक जना विरामीको सामान्य उपचार गर्दा कम्तिमा चार पाँच दिन लाग्ने र आरसिटी, दाँत बाध्नुपर्ने र नयाँ दाँत हाल्नुपर्ने भएपनि महिनौं बिरामी अस्पतालमा आउनुपर्ने बाध्यता रहेको छ । "दाँत उपचारको स्वास्थ्य बीमा पनि नगरेकाले अझै सर्वसाधारण दाँतको उपचारबाट बञ्चित रहेका छन", उहाँले भन्नुभयो, "सर्वसाधारणलाई दाँतको उपचारमा सेवा पुऱ्याउनका लागि स्वास्थ्य बिमामा आबद्ध गर्नुपर्दछ ।"

पहिलेपहिले मानिसले दाँत किराले लागे भने फाल्ने गर्दथ्ये । तर अहिले मानिसहरुमा चेतना आएपछि दाँतको उपचार गरेर सकभर बचाउने गर्दछन् । अस्पतालका गिजा रोग विशेषज्ञ डा रञ्जिता श्रेष्ठ गोर्खालीले सकभर दाँत बचाउनुपर्ने सुझाव दिनुहुन्छ । उहाँले दाँत फाल्दा खानपिनमा फरक पर्ने भएकाले दाँत बचाउन सुझाव दिनुहुन्छ । "दाँतले राम्रोसँग खानेकुरा चपाएर खाएनौं भने हाम्रो स्वास्थ्यमा नै असर पर्ने गर्दछ", उहाँले भन्नुभयो, "त्यही भएर हामीले सकभर दाँत फाल्न हुँदैन ।"

अस्पतालमा आउने दाँतका बिरामीमा दाँतसँगै गिजाबाट रगत आउने पनि समस्या देखिएको छ । सुरुसुरुमा ब्रस गर्दा गिँजाबाट रगत आउने गर्दछ । त्यसको उपचार नगरेपछि पछि स्याउ, गाजर, टोक्दा रगत आउने गर्दछ । त्यसलाई पनि उपचार नगर्दा गिँजामा छोयो कि रगत आउनेजस्ता समस्या देखिने गर्दछ । गिजाको रोग २५ वर्षपछि मानिसमा देखिने गरेको छ । दाँतका बिरामीलाई मधुमेह, मुटुको रोग, बिर्सने रोग (अल्जाइमर) रोग जस्ता थप रोग लाग्ने गर्दछन् ।

**दाँत किराबाट बचाउने के गर्ने ?**

दाँत रोग गुलियो खानेकुरा, दाँतमा टाँसिने खालका खानेकुरा चाउचाउ, चकलेट, चिजबलजस्ता खानेकुरा खाँदा लाग्ने गर्दछ । यस्तै चुरोट खाने मानिसलाई दाँत किराले धेरै खाने गरेको छ । चुरोट सूर्तीजन्य पदार्थ सेवन गर्नेलाई रोगसँग लड्ने क्षमता कम हुने गर्दछ र त्यस्ता मानिसको गिँजा दुख्ने तथा दाँत झर्ने समस्या हुने गरेको छ । बच्चाले दाँत नमाझ्ने धेरै किराले खाने गर्दछ ।

दाँत बचाउनका लागि खानेकुरा खाएपछि कुल्ला गर्ने, बिहान उठनासाथ दाँत माझ्ने गर्नुपर्दछ । खाना खाइसकेपछि दाँत माझ्दा किराले खाँदैन । बिहान खाना खाएपछि दुई तीन घण्टा केही खानु हुँदैन । राति सुत्दा अनिवार्य रुपमा दाँत माझ्नु पर्दछ । दिउँसो थुक धेरै आउने भएकाले थुकले सुक्ष्म जीवाणुलाई भित्र लैजान्छ । राति मुखबाट थुक कम आउने र त्यही थुक मुखमा रहिरहने भएकाले दाँतको वरिपरि सुक्ष्म जीवाणु फैलिने हुँदा सुत्नुअघि पनि दाँत माझ्नु आवश्यक रहेको उहाँको भनाइ छ ।

हरेक तीन/तीन महिना ब्रुस फेर्नुपर्दछ । कडा नभई नरम ब्रसले दाँत माझ्नु पर्दछ । कडा ब्रसले दाँत माझ्दा दाँतको इनामेललाई असर पुऱ्याउने गर्दछ । एकपटकमा ठूलो केराउको दाना जति पेस्ट राखेर माझ्न सकिन्छ । दाँत माझेपछि त्यही ब्रसले जिब्रो पनि सफा गर्नुपर्छ ।

**अस्पतालमा ठाउँको अभाव**

वीर अस्पतालमा दाँतको उपचार गुणस्तरीय र राम्रो भएकाले उपचारका लागि बिरामीलाई पालो पाउन नै समस्या हुने गरेको छ । थोरै जनशक्ति र बिरामीको चापले गर्दा दाँतको उपचारका लागि पालो पाउन समस्या हुने गरेको विभागका प्रमुख डा. प्रधानले बताउनुभयो । अन्य भन्दा वीर अस्पतालमा दाँतको उपचार ५० प्रतिशत सस्तो रहेको छ । "हाम्रोमा अन्य भन्दा गुणस्तरीय र सस्तो सेवा रहेको," उहाँले भन्नुभयो, "त्यही भएर बिरामीको भीड हुने गर्दछ र पालो पाउन समस्या हुने गरेको छ ।"

अहिले दन्त विभागमा चिकित्सकलाई पनि उपचार गर्नका लागि पर्याप्त मात्रामा बस्ने ठाउँको अभाव रहेको छ । दन्त अस्पताल बनाउने पर्दछ भनेर सम्भाव्यता अध्ययन भएको तर त्यो त्यतिकै भएको अस्पतालका दन्त विभागका प्रमुख प्राडा. प्रधान बताउनुहुन्छ । अस्पतालमा अहिले सात जनाले मास्टर एण्ड डेन्टल सर्जरीस्नातकोत्तर अध्ययन गरिरहेका छन् ।

**अन्तर्राष्ट्रियस्तर उपचार सेवा नेपालमै**

नेपालमा दाँतको उपचार अन्तर्राष्ट्रिय स्तरको हुने गरेको छ । अस्पतालका गिजा रोग विशेषज्ञ डा रन्जिता श्रेष्ठ गोर्खालीले विश्वमा नै नेपालमा दाँतका उपचारका लागि गुणस्तरीय सेवा भएको बताउनुभयो । उहाँका अनुसार नयाँ दाँत हाल्नेदेखि बिग्रेको दाँत बनाउनेसम्मको उपचार नेपालमा नै हुने गरेको छ ।

उहाँले डिजिटल स्क्यान गरेर कुन आकारको दाँत बनाउने भन्ने प्रविधि पनि अस्पतालमा रहेको बताउनुभयो । "विदेशमा गरिने सवै विशेषज्ञ सेवा हामीले यही नेपालमा नै दिने गरेका छौं," उहाँले भन्नुभयो, "दाँत उपचारका लागि कोही पनि विदेश जानु पर्दैन ।"

उहाँका अनुसार बाङ्गोटिगो दाँत मिलाउने, मुख खोल्न नसक्नेको उपचार, ढाड नभएको ठाउँमा ढाड राखेर दाँत राख्ने, चिउडो बाहिर आउनेको मुखको आकृति मिलाउने, दाँतको टोकाई नमिलेकोलाई मिलाउने, कस्टमेटिक सर्जरी जस्ता उपचार नेपालमा नै हुने गर्दछन् ।

नेपालमा दैनिक रुपमा दाँतका बिरामी बढे पनि गुणस्तरिय उपचार अस्पतालले दिन नसकेको छैन । "नेपालमा दन्त चिकित्सकका प्रसस्त जनशक्ति रहेका छन् । तर राज्यले सर्वसाधारणलाई उपचार दिन छैन," प्रमुख प्राडा. प्रधानले भन्नुभयो, "राज्यले सरकारी अस्पतालमा दरबन्दी बढाउनु पर्दछ । दाँतको छुट्टै अस्पताल खोलेर सर्वसाधारणलाई उपचारको पहुँच पुऱ्याउन आवश्यक रहेको छ ।"

उहाँका अनुसार अहिले १२ वटा शिक्षण संस्थामा वार्षिक ५०० भन्दा बढी दन्त चिकित्सक र सात वटा शिक्षण सस्थाबाट स्नातकोत्तर तहबाट सयभन्दा दन्त रोग विशेषज्ञ उत्पादन भइरहेका छन् । तर सरकारले ५० भन्दाबढी मात्र दन्त चिकित्सकको दरबन्दीमा राखेको छ ।

सरकारी सेवामा पर्याप्तमात्रामा दरबन्दी नहुँदा दन्त चिकित्सक क्लिनिक सञ्चालन गरेर बसेका छन् । नेपालमा पर्याप्त जनशक्ति खपत नभएपछि ५० प्रतिशत दन्त चिकित्सक राम्रो सेवा सुविधाका लागि अमेरिका र अष्ट्रेलियामा समेत जाने गरेको उहाँको भनाइ छ । उत्पादन भए पनि दरबन्दी नभएर सरकारी अस्पतालमा दन्त चिकित्सकको अभाव रहेको प्रा डा प्रधान बताउनुहुन्छ । अस्पतालमा अहिले स्थायी र करारमा ४० जना दन्त चिकित्सकले सेवा दिइरहेका छन् ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# माओवादी केन्द्रले सहरी क्षेत्र र तराई-मधेसमा विशेष अभियान सञ्चालन गर्ने

काठमाडौँ, २९ माघ (रासस) ।

नेकपा (माओवादी केन्द्र)ले सहरी क्षेत्र र तराई-मधेशमा विषेश अभियान सञ्चालन गर्ने भएको छ । साङ्गठनिक संरचना कमजोर भएको भन्दै माओवादी केन्द्रले उक्त अभियान सञ्चालन गर्न लागेको हो ।

आइतबारदेखि जारी पार्टीको केन्द्रीय समितिको बैठकले विशेष गरी तराई-मधेशका जिल्लामा जनपरिचालन, सङ्गठन निर्माण एवं विस्तारलाई केन्द्रमा राखेर अभियान सञ्चालन गर्ने निर्णय गरेको माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । सहरी क्षेत्रमा समेत पार्टीलाई थप विस्तार गर्ने उद्देश्य राखेर अभियान सञ्चालन गरिनेछ । माओवादी केन्द्रले मङ्गलबारदेखि विधान अधिवेशनको आयोजना गरेको छ । अधिवेशन सकिए पछि तराई-मधेश र सहरी क्षेत्रमा विशेष अभियान सञ्चालन गरिने छ ।

यस्तै माओवादी केन्द्रले उत्तर दक्षिण र पूर्व-पश्चिम अभियानसमेत सञ्चालन गर्ने निर्णय गरेको छ । केन्द्रीय समितिको बैठकमा धारणा राख्ने नेताहरुले यसअघि सञ्चालन गरेको चार महिने 'जनतासँग माओवादी विशेष अभियान'ले पार्टीलाई थप सबल बनाउन मद्दत पुगेको बताएका थिए । माओवादी केन्द्रले चार महिने अभियानमा पार्टीको सङ्गठन निर्माण, पुनःनिर्माणका साथै शहीद परिवार, बेपत्ता योद्धाका परिवार र घाइते अपाङ्गता भएका कार्यकर्तासँग भेटघाट गरेको थियो । सरकारमा रहेर गरिएको सुशासन र समृद्धिको अभियानबारे जनतालाई जानकारी गराएको थियो । गत भदौ १६ गतेदेखि सुरु भएको सो अभियान गत पुस १७ गतेसम्म चलेको थियो ।

माओवादी केन्द्रको केन्द्रीय समिति चार सय नौ सदस्यीय छ । पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एक सय ९० जना छन् । यस्तै सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेश समितिका पदाधिकारीलाई पनि बैठकमा आमन्त्रण गरिएको छ । माओवादी केन्द्रले आगामी फागुन १, २ र ३ गते राजधानीमा विधान सम्मेलन गर्दैछ । पार्टीका उपाध्यक्ष पम्फा भुसालको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो । समितिले प्रस्ताव गरेको विधानमाथि माओवादी केन्द्रको स्थायी समिति बैठकमा छलफल भइसकेको छ ।

यसैगरी माओवादी केन्द्रले सङ्घीयता, गणतन्त्र एवं समावेशी, समानुपातिक प्रतिनिधित्वलगायत परिवर्तनका मुद्दालाई थप संस्थागत गर्न अभियान चलाउने भएको छ । त्यसका लागि जनवर्गीय सङ्गठन र मुक्ति मोर्चाको सम्मेलन गर्ने भएको छ । जनवर्गीय सङ्गठन एवं मोर्चाको सम्मेलन गरेर पुनः गठन गर्ने निर्णय भएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । यस्तै प्रवासमा रहेका नेपालीका लागि प्रशिक्षण र सङ्ब्याँ गठित गर्ने निर्णय गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक क्षेत्रमा ठूलो परिवर्तन जरुरी रहेकाले सोही अनुसार सरकारले काम गरिरहेको बताउनुभएको थियो । उहाँले नीति तथा कार्यक्रम र बजेटमा समेत क्रमभङ्गता गरिने उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले सामाजिक न्यायसहितको सुशासन र समृद्धि नै समाजवादको भ्रूण भएकाले सरकार सोही दिशामा केन्द्रीत रहेको स्पष्ट पार्नुभयो । सरकारले सुशासन र समृद्धिको पक्षमा इमान्दार भएर प्रयत्न गरेको उहाँको भनाइ थियो । भ्रष्टाचार नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चालेको उल्लेख गर्दै अध्यक्ष दाहालले अनियमितता अन्त्य नभएसम्म समाजवादको आधार तयार नहुने स्पष्ट पार्नुभयो ।

**अभियानमा नखटिनेलाई कारबाही**

माओवादी केन्द्रले 'जनतासँग माओवादी विशेष अभियान' मा नखटिने पार्टीका नेता तथा कार्यकर्तालाई कारबाही गर्ने भएको छ । अभियानमा नखटिने कार्यक्षेत्रमा नखट्ने कार्यकर्तालाई स्पष्टिकरण सोध्ने र कारबाहीको दायरामा ल्याउने पार्टीले निर्णय गरेको छ ।

प्रवक्ता सापकोटाका अनुसार शतप्रतिशत खटिने कार्यकर्तालाई प्रशंसापत्र वितरण गरिने छ । यस्तै, ७५ देखि ८० प्रतिशतसम्म खटिने कार्यकर्तालाई धन्यवादपत्र दिइनेछ । यस्तै, ५० देखि ५५ प्रतिशतसम्म खटिने कार्यकर्तालाई थप परिचालित हुन निर्देशन दिइने छ । पन्ध्र प्रतिशतभन्दा कम खटिनेलाई स्पष्टीकरण लिने, निलम्बन गरिनेलगायत कारबाही प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ । यस्तै, विशेष विधान सम्मेलन सम्पन्न भएपछि विशेष महाधिवेशनको तयारीमा जुट्ने माओवादी केन्द्रले निर्णय गरेको छ ।

# देशभित्रै रोजगारी सृजना गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, २९ माघ (रासस) ।

राष्ट्रियसभाका सांसदहरुले नेपाली नागरिक विदेश पलायन हुनबाट रोक्न देशभित्रै पर्याप्त रोजगारीको सृजना गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरुले देशमा सुशासन र समृद्धिका लागि एकजुट भएर काम गर्नुपर्नेमा जोड दिएका छन् । उहाँहरुले राजनीतिक व्यवस्था परिवर्तनपछि समृद्धिको गतिमा रहेको उल्लेख गर्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

बैठकको विशेष समयमा सांसद कुमार दसौदीले जनतालाई आशा र विश्वास जगाउने कार्यक्रमका लागि सरकारलाई सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "राजनीतिक व्यवस्था परिवर्तनपछि समृद्धिले गति लिन सक्नुपर्छ । कहाँ कहाँ के के समस्या छन्, त्यो खोज्नु पर्छ । जनताको आशा जगाउने काम गर्नुपर्छ । जनता विदेश गएका गयै छन्, जनता निराश छन् ।" सांसद दसौदीले जनताका मुद्दा उठान गर्दा सरकारले कार्यान्वयन नगरेको गुनासो गर्नुभयो ।

सांसद जीतेन्द्रनारायण देवले देशको परिस्थितिप्रति सचेत हुन सरकारको ध्यानाकर्षण गराउनुभयो । "राष्ट्रिय परिस्थिति चुनौतीपूर्ण, गम्भीर र सङ्कटपूर्ण छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक ढाँचा खडा गरेका छौँ, समाजवादतर्फउन्मुख हुने प्रतिबद्धता गरेका छौँ । ती सबै कुरा राजनीतिक शक्तिका लागि चुनौती बनेका छन्", उहाँले भन्नुभयो । उहाँले समग्र देशको हितका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद नरबहादुर विष्टले थुप्रै काम गर्दा गर्दै पनि भ्रष्टाचार र गरिबीले आक्रान्त भइरहेकोप्रति सरकारलाई सचेत गराउनुभयो । उहाँले चुनौतीबीच सरकार सार्वजनिक सेवाप्रवाह सहज बनाउन सक्षम भएको बताउनुभयो ।

"जनताले लाइन बसेर गर्नुपर्ने काम सहज भएको छ । राहदानी विभाग, वैदेशिक रोजगार विभाग, मालपोत कार्यालयजस्ता ठाउँमा लाइन बस्नुपर्दैन", उहाँले भन्नुभयो, "सुधारका थुप्रै काम हुँदाहुँदै चुनौती छन् ।" सांसद विष्टले सरकारी जग्गा हड्पनेक्रम रोक्न ध्यानाकर्षण गराउनुभयो । उहाँले नीतिगत भ्रष्टाचार न्यूनीकरणका लागि सरकारले आफ्ना प्रयत्न बढाउनुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले

***बाँकी अन्तिम पृष्ठमा***


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### गाजामा इजरायली आक्रमणमा दुई बन्धकको मृत्यु : हमास

गाजा, २९ माघ (रासस/एएफपी) ।

गाजा पट्टीमा विगत दिनको अवधिमा इजरायली आक्रमणमा परी दुई इजरायली बन्धकको मृत्यु भएको छ । इजरायली सेनाले विगत चार दिनमा गरेका सैन्य आक्रमणका कारण हमासले बन्धक बनाइराखेका दुई व्यक्तिको मृत्यु भएको छ भने अन्य आठ जना गम्भीर घाइते भएको हमासको सैन्य शाखा कासम ब्रिगेडले आइतबार जारी गरेको विज्ञप्तिमा जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, "'युद्धरत यस क्षेत्रमा अस्पतालहरूमा औषधी तथा स्वास्थ्यकर्मीको अभाव हुँदा उचित उपचार दिन असम्भव भएका कारण अवस्था अझ खतरनाक बन्दै गएको छ, इजरायलले निरन्तर बमबारी र आक्रमणको कारण यी घाइतेहरूको जीवनको लागि पूर्ण जिम्मेवार रहेको छ ।"

यसैबीच हमासद्वारा सञ्चालित अल अक्सा टिभीले हमासका एक वरिष्ठ नेतालाई उद्धृत गर्दै भनेको छ, "गाजाको दक्षिणी शहर रफाहमा इजरायलको कुनै पनि सैन्य कारबाही हुनसक्नबताएको छ ।"सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमिक आक्रमणको बदला लिन इजरायलले गाजा पट्टीमा हमासविरुद्ध व्यापक मात्रामा आक्रमण सुरु गरेको थियो । हमासको आक्रमणमा इजरायलमा करिब एक हजार २०० मानिसहरू मारिएका थिए भने २५० भन्दा बढीलाई बन्धक बनाइएको थियो ।

गाजास्थित स्वास्थ्य मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिमा इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या २८ हजार १७६ पुगेको र अन्य ६७ हजार ७८४ जना घाइते भएको जनाएको छ ।

### अमेरिकी नेतृत्वको गठबन्धन मिसन अन्त्य गर्ने इराक र अमेरिकाबीच वार्ता पुनः सुरु

बग्दाद, २९ माघ (रासस/एएफपी) ।

इराकमा अमेरिकी नेतृत्वको अन्तर्राष्ट्रिय गठबन्धनको मिसन अन्त्य गर्ने विषयमा छलफल गर्न इराक र संयुक्त राज्य अमेरिकाबीच आइतबार नयाँ चरणको वार्ता सुरु भएको इराकी सरकारले जनाएको छ । इराकी सेनाका प्रवक्ता याह्या रसौलले एक विज्ञप्ति जारी गर्दै उच्च सैन्य आयोग (एचएमसी) ले इराकी सेनाको क्षमताका साथै सैन्य अवस्था, इस्लामिक स्टेट (आइएस) समूहबाट उत्पन्न खतराको स्तरको मूल्यांकन गर्न अन्तर्राष्ट्रिय गठबन्धन पक्षसँग बैठक पुनः सुरु गरेको बताउनुभएको छ ।

रसौलले भन्नुभयो, "यी बैठकहरूको आधारमा, इराकमा अन्तर्राष्ट्रिय गठबन्धन सल्लाहकारहरूको क्रमिक कटौतीको लागि एउटा समय तालिका तयार गरिनेछ, जसले आईएससँग लड्ने गठबन्धन मिशनको अन्त्य र गठबन्धन देशहरूसँग इराकको द्विपक्षीय सम्बन्धमा सङ्क्रमणकालको नेतृत्व गर्नेछ ।

"रसौलले भन्नुभयो, "आयोगको काम जतिसक्दो चाँडो सम्पन्न गर्न सकियोस् र बैठकमा कुनै बाधा नपुगोस भनी अन्तर्राष्ट्रिय गठबन्धनसँग समय समयमा बैठकहरू आयोजना गरिनेछ । जनवरी २५ मा इराकी विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इराकमा अन्तर्राष्ट्रिय गठबन्धन मिसन अन्त्य गर्न र राजनीतिक, आर्थिक, सांस्कृतिक, सुरक्षा तथा सैन्य स्तरमा गठबन्धन देशहरूसँगको विस्तृत द्विपक्षीय सम्बन्धमा उनीहरूको सम्बन्धलाई अगाडि बढाउन एचएमसी गठन गर्न संयुक्त राज्य अमेरिकासँग सहमत भएको बताएको थियो ।

### गाजाको रफाहमा इजरायली आक्रमणमा मृत्यु हुनेको संख्या सय नाघ्यो : मिडिया

गाजा, २९ माघ (रासस/सिन्ह्वा) ।

दक्षिणी सहर रफाह र गाजापट्टीको वरपरका क्षेत्रमा इजरायली सेनाले गरेको भारी आक्रमणमा सोमबार सय भन्दा बढीको मृत्यु भएको छ । आक्रमणमा महिला तथा बालबालिकासहित सयौं घाइते भएको आधिकारिक प्यालेस्टिनी समाचार एजेन्सी डब्ल्युएफले जनाएको छ । सोमबार बिहान रफाह क्षेत्रमा इजरायली सेनाले करिब ४० वटा हवाई आक्रमणसहित जमिनमा गोलाबारी गरेको बताइएको छ । इजरायली सेनाले सोमबार दक्षिणी गाजामा आतङ्कवादीले शङ्खलाबद्ध आक्रमण गरेको तर अन्य विवरण प्रदान नगरेको बताएको छ ।

यस्सात अक्टोबर २०२३ देखि गाजापट्टीमा इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या २८ हजार एक सय ७५ पुगेको छ । आक्रमणमा ६७ हजार सात सय ८४ घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमार्फत बताएको छ । गाजामा इजरायल-हमास द्वन्द्व सुरु भएदेखि करिब आधाआधी बासिन्दा सुरक्षाको खोजीमा इजिप्टको छेउमा रहेको रफाहमा पुगेका छन् । रफाह क्रसिङमार्फत विदेशी देशहरू र संयुक्त राष्ट्रका एजेन्सीबाट खाना तथा औषधि सहायता प्राप्त गर्दै जीवन गुजारिरहेका छन् । सीमावर्ती रफाह सहरमा कृषि भूमि, विद्यालय र सडक किनारमा विस्थापितहरूले भरिएको छ ।

# एक करोड ८२ लाख भन्दा बढी नक्कली नेपाली नोटसहित एक पक्राउ




**दैनिक समाचारदाता**
**सुनसरी, २९ माघ।**

भारतीय नम्बर प्लेटको स्करपियो गाडीमा एक करोड ८२ लाख ५१ हजार नक्कली नेपाली नोट फेला परेको छ।

सुनसरीबाट प्रहरीले एक हजार दरका एक करोड ८२ लाख ५१ हजार नक्कली नोट बरामद गरेको हो।

सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मीका अनुसार आइतबार भारतीय गाडीमा राखेर ल्याउँदै गरेको अवस्थामा इनरुवा नगरपालिका ४ स्थित सुनसरी खोलाको पुलनजिकबाट नक्कली नोट बरामद भएको हो। नक्कली नोटसँगै एक जना भारतीय नागरिक पनि पक्राउ परेको उनले बताए।

सवारीसाधन चेकजाँचमा खटिएको ट्राफिक प्रहरीको टोलीले बीआर ११ एक्स ३४२९ नम्बरको स्कोरपियो गाडी रोकेको थियो। शंकास्पद अवस्थाको स्कोरपियो गाडीमा खानतलासी गर्दा पछाडिको भागमा लुकाइछिपाइ ल्याइएको नक्कली नोटहरु बरामद भएको हो।

## *कारागार भित्रै ...*

मण्डलका आफन्तलाई खबर गऱ्यौ जेलर दासले भने, त्यसपछि सबैको उपस्थितिमा ढोका फोडेर हेर्दा मण्डल झुन्डिएको अवस्थामा फेला परे।"

जेलर दासका अनुसार मण्डल गत साउन १३ गते १५ वर्षीय बालिकाको अपहरण तथा बलात्कार गरेको आरोपमा पूर्वपक्षका लागि माघ २१ गतेदेखि राजबिराज कारागारमा थिए।

यता मृतकका आफन्तले भने प्रेम सम्बन्धम स्वीकार नगरेका केटीका अभिभावकले अपहरण तथा बलात्कारको झुठो आरोप लगाएर फसाएको तथा षडयन्त्र गरेर कारागार भित्र हत्या गराएको दाबी गरेका छन्। मृतकका आमा अनितादेवी मण्डलका अनुसार देबेन्द्रको सोही वडाकी एक केटीसँग प्रेम सम्बन्ध थियो। प्रेम गहिरो भएपछि उनीहरु भागेर प्रेम विवाह समेत गरेका थिए। तर, केटीका अभिभावकले उक्त प्रेम विवाह अस्वीकार गर्दै प्रहरीमा अपहरण तथा बलात्कारको झुठो उजुरी दिई फसाएको उनको भनाई छ। छोरा कारागार चलान भएपछि पनि केटी पटक पटक आफू र छोरालाई कारागारमा समेत गई भेटेको-बोलेको उनले सुनाइन्।

यसबारे केटीका अभिभावकले थाहा पाएपछि आफू र छोरालाई डरत्रास र धम्क्याउन थालेपछि छोरा झन तनावमा परेको उनले सुनाईन्। उमेर नपुगि दुबै जनाले प्रेम विवाह गरेकाले कानुनी व्यवस्थाको निहुँमा केटीका अभिभावकले झुठो उजुरी दिएको परिवारजनको दाबी छ।

यसैबीच दुई दिनदेखी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको मण्डलको शव उनका आफन्तको अनुरोध अनुसार सोमबार साँझ पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ।

## *देशभित्रै रोजगारी ...*

शान्ति प्रक्रियाको काम चाँडो टुङ्ग्याउन माग गर्नुभयो। उहाँले युवा र महिलालाई सरकारको काममा प्रत्यक्षरुपमा जोड्न नसकेको उल्लेख गर्दै आउने अधिवेशनमा लैङ्गिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय गौरवका आयोजना निर्माण गर्न व्यवसायीलाई बाँकी भुक्तान समयमै गर्नका लागि उहाँले सरकारको ध्यानार्कषण गराउनुभयो।

सांसद नारायणप्रसाद दाहालले राष्ट्रियसभाको मर्यादा र गरिमा बढाउनका लागि सरकासँगै स्वयं सांसदहरुले ध्यान दिनुपर्ने बताउनुभयो। जनताका मुद्दा र राष्ट्रको समृद्धि केन्द्रमा राखेर काम गरे मात्र जनप्रतिनिधि पनि स्थापित हुनसक्ने उहाँको भनाइ थियो।

यस्तै सांसद दिलकुमारी रावल थापाले भ्रष्टाचारको अनुसन्धान तथा कारबाहीका लागि प्रभाव र दबाबमा नपर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। "सरकार जनताको अभिभावक हो। सरकारको भूमिका कार्यकारी हो। सरकारलाई जनताका सवाल, राष्ट्र र राष्ट्रियताको सवाल, जनजीविकाको सवालमा संसद्प्रति जवाफदेही तथा उत्तरदायी बनाउने कर्तव्य सांसदहरुकै हो", उहाँले भन्नुभयो, "सरकार जवाफदेही बनोस्, सरकारले भ्रष्टाचारका फाइल खोल्दा अनुहार नहेरियोस्, प्रभाव र दबाबमा नपरियोस् भन्ने प्रतिपक्षको मान्यता हो।"

सांसद थापाले युद्धग्रस्त क्षेत्रबाट नेपाली नागरिकलाई तत्काल फिर्ता गर्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "पन्ध्र हजार नेपाली नागरिक रुसी सेनामा भर्ना भएको सुनिन्छ। युद्धग्रस्त क्षेत्रमा फसेका आफ्ना नागरिकलाई स्वदेश फिर्ता गर्न कूटनीतिक पहलका लागि सरकारसमक्ष माग गर्दछु।"

सांसद राधेश्याम पासवानले संविधानअनुसार तत्काल आवश्यक ४० कानुन निर्माणका लागि ढिलाइ गर्न नहुने बताउनुभयो। सरकारको आलोचना मात्र नगरेर सुशासन र समृद्धिका लागि एकसाथ काम गर्नुपर्ने उहाँको भनाइ थियो।

## *नदी खोलाबाट ...*

कडाईका साथ लाग्ने जनाए। ठेकेदार र क्रसर व्यवसायीले स्थानीय सरकारको मिलोमतोमा अवैध उत्खनन गरिरहेको स्थानीयको आरोपलाई अस्वीकार गर्दै उनले त्यस्तो कुनै मिलोमतो नरहेको दाबीका साथ सोको अनुगमन गरी कडाईका साथ अघि बढ्ने प्रतिबद्धता समेत जनाए।

स्थानीय सरकार र प्रहरीको आँखा छल्दै चुरेसँग जोडिएको खोलाहरूबाट मापदण्ड विपरीत जथाभावी ढुङ्गा, बोल्डर र गिटी उत्खनन र अत्याधिक दोहनले खोलाहरूको मुहान सुक्दै जानुको साथै प्राकृतिक सम्पदाको बिनासले वातावरण समेतमा नकारात्मक प्रभाव पर्ने भन्दै स्थानीयले अविलम्ब यसको नियन्त्रणका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने माग गरेका छन्।

## *बढी सेवा शुल्क ...*

गर्नु पर्नेमा २० वटा एफएम रेडियोमा मात्र विज्ञापन प्रसारणको आदेश दिएको पाईएकोले बोर्डको २०८० साल माघ १९ गते बसेको बैठकले विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधनसमेत) को नियम ११ ख को उपनियम (१)बमोजिम २०८१ साल असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोवार रोक्को राख्ने र सो अवधिसम्म उक्त एजेन्सीलाई विज्ञापन बोर्डमा सूचीकरण समेत नगर्ने निर्णय गरेको जनाइएको छ।

बोर्डले २०८१ साल असार मसान्त सम्म कोकिल मिडियासंग कुनैपनि प्रकारको विज्ञापन कारोवार नगर्न नगराउनु हुन सबै विज्ञापनदाता तथा सञ्चार माध्यममा अनुरोध समेत गरेको छ।


"राजविराज शहर,समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

राजविराज,सप्तरी
मधेश प्रदेश,नेपाल

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना।

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८(१) बमोजिम आगामी आ.व. २०८१/०८२ मा राजविराज नगरपालिकाको रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट पछाडी परेको बेरोजगार व्यक्तिलाई प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्बजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भइ ५९ बर्ष ननाघेको ईच्छुक बेरोजगार ब्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन् आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा देहाय बमोजिमको कागजातहरु सहित मिति २०८० फाल्गुन मसान्त भित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निवेदन फाराम वडा कार्यालयहरु र नगरपलिकाको वेबसाइट www.rajbirajmun.gov.np तथा यस संग सम्बन्धित बिस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाटप्राप्त गर्न सकिनेछ।

देहाय

- निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १थान
- निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सोको प्रतिलिपि १ थान
- परिवारका सम्पूर्ण सदस्यको नागरिकता प्रमाण–पत्रवा जन्मदर्ता प्रमाण–पत्रको प्रतिलिपि १ ¥ १ थान
- स्थायी बसोबास खुल्ने आवश्यक का१गजपत्रको प्रतिलिपि, विवाहदर्ता वा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि
- निवेदकको सम्पर्क न. तथा बैंक खाता बिबरण
- निवेदकको पासपोर्ट साइजको फोटो १ थान



# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*